जि.प्र.का. सप्तरी द.नं. ९२/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ६४ २०८२ साल असोज १७ गते शुक्रबार (3 Oct 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : क्रिकेटद्वारा कठिन ... ३ पृष्ठमा : पाँच प्रदेशमा चार दिनसम्म ... ३ पृष्ठमा : ह्वाइट हाउसमा हुने ...

# छिन्नमस्ता र कंकालिनी शक्तिपीठमा हेलिकप्टरद्वारा पुष्पवृष्टि

**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

बडादशैंको महानवमीका दिन बुधबार सप्तरीको दुई प्रसिद्ध शक्तिपिठ छिन्नमस्ता भगवती मन्दिर र कंकालिनी मन्दिरमा हेलीकप्टरबाट पुष्पवृष्टि गरिएको छ ।

नेपाली सेनाको सहयोगमा जिल्लाको छिन्नमस्ता गाउँपालिकास्थित छिन्नमस्ता भगवती मन्दिर र हनुमाननगर कंकालिनी नगरपालिकास्थित कंकालिनी मन्दिरमा आधाघण्टाको फरकमा सेनाको हेलीकप्टरद्वारा पुष्पवृष्टि गरिएको हो ।

महानवमीका दिन उक्त मन्दिरहरुमा नेपालका साथै छिमेकी मुलुक भारतका हजारौं दर्शनार्थीको घुईचो लागेको बेला सेनाको हेलिकप्टरले आकाशमा परिक्रमा गर्दै मन्दिरमा फुलको बर्षा गरेको थियो ।

उक्त दृश्य हेर्न स्थानिय र आसपासका बासिन्दा पनि ठूलो संख्यामा मन्दिर परिसरमा उपस्थित रहेका थिए ।



बुधबार नै छिन्नमस्ता भगवती मन्दिरमा दुईहजार भन्दा बढी खसी बोकाको बली प्रदान गरिएको छ । यस्तै कंकालिनी मन्दिरमा बली प्रदानका लागि ५ सय ७६ वटा रांगाको बली प्रदान रसिद काटिएको मन्दिर समितिले जनाएको छ ।

यता यस अवसरमा कन्यापुजनको समेत आयोजना गरिएको छ । नवालिक कन्यालाई देवीको रुपमा मानि पुजा गरे इच्छित मनोकाना पुरा हुने जनविश्वास रहिआएको छ ।

विगत तीन वर्षदेखि महानवमीका दिन हेलिकप्टरमार्फत पुष्पवृष्टि गराउन थालिएको छ ।

# करेन्ट लागेर दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

सप्तरीमा करेन्ट लागेर दुई जनाको मृत्यु भएको छ । टेबल पंखा मर्मत गर्ने क्रममा सप्तरीको बलानबिहुल गाउँपालिमा करेन्ट लागेर घाईते भएका वडा नं. ३ निवासी ४८ वर्षीय देवकान्त मण्डलको करेन्ट लागेर मृत्यु भएको हो ।

बुधबार राति आफ्नै सुत्ने कोठामा टेबलपंखा मर्मत गर्ने क्रममा करेन्ट लागेर घाइते भएका उनलाई उपचारका लागि लहानस्थित सप्तऋषि अस्पताल लगिएको थियो। तर, चिकित्सकले राति मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्वर पुरीले जानकारी दिए ।

मृतकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल लहानको शवगृहमा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यसअघि बुधबार नै सप्तरीको कञ्चनरुप नगरपालिकाको वडा नं. ७ स्थित मनिरको हाडवेयर पसलमा काम गर्ने सोही ठाउँका २३ वर्षीय मो. राजाबुलको करेन्ट लागेर मृत्यु भएको थियो ।

बुधवार साँझ उनी बाटोको बायाँपट्टी रहेको अर्को पसलमा विद्युत तार तान्दै थिए । सोही क्रममा तारको डलो बनाई पोलमा फाल्दा सो तार ११ हजार मेगावाट उच्च क्षमताको भोल्टेज लाइनमा परी करेन्ट लागेर घाइते भएका थिए ।

गम्भीर घाइते भएका राजाबुललाई उपचारका लागि धर्मेश्वर अस्पताल ठेलिया लगिएको र प्रारम्भिक उपचारपछि थप उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज ल्याउँदा उपचारकै क्रममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

# ढिस्कोले पुरिएर चार जनाको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, १६ असोज ।**

सर्लाही जिल्लाको हरिपुवामा ढिस्कोले पुरिएर चार जनाको मृत्यु भएको छ ।

हरिपुवा नगरपालिका १ हर्दी खोला किनारमा माटो खन्ने क्रममा ढिस्कोले पुरिएर महोत्तरीको सोनमा गाउँपालिका-६, मगरथानाकी ६५ वर्षकी सायदा खातुन, छ वर्षकी सविवा खातुन, आठ वर्षका डिल्लु मन्सुर र नौ वर्षकी नर्गिस खातुनको बुधबार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सहायक प्रवक्ता बलिष्ठर सिंहले जानकारी दिए ।

ढिस्कोले पुरिएका उनीहरूलाई तत्काल उद्धार गरी स्थानीयले प्रादेशिक अस्पताल मलङ्गवा पुऱ्याएका थिए । अस्पताल पुऱ्याउनेबित्तिकै चिकित्सकले उनीहरूलाई मृत घोषणा गरेका उनले बताए ।

# मनसुनी गतिविधि थप सक्रिय हुने, सावधानी अपनाउन अनुरोध

काठमाडौं, १६ असोज (रासस) ।

जल तथा मौसम विज्ञान विभागले असोज १७ गतेबाट मनसुन थ सक्रिय हुने जानकारी दिँदै सावधानी अपनाउन अनुरोध गरेको छ ।

विभागले मङ्गलबार राति दोस्रो दसैं विशेष मौसम बुलेटिन जारी गरी बङ्गालको खाडीबाट विकसित भएको न्यून चापीय प्रणालीका कारण नेपालमा असोज १७ गतेबाट मनसुन थप सक्रिय भई देशका धेरै ठाउँमा वर्षा हुने जानकारी गराएको छ ।

विभागकी मौसमविद् विनु महर्जनले राससससँग भन्नुभयो, "हालको मौसम विश्लेषणअनुसार नेपालमा मनसुनी वायुको प्रभाव केही कमजोर रहे पनि बङ्गालको खाडीमा विकसित न्यून चापिय प्रणाली भारतको ओरिसाबाट जमिनको भू-भाग हुँदै प्रवेश गरी मध्य भारततर्फ क्रमश: सर्ने भएको छ। त्यो नेपालमा प्रवेश गर्न लागेको र यही १७ गते यहाँ आइपुग्ने हुँदा मनसुन थप सक्रिय हुने सम्भावना देखिएको छ ।"

उहाँले न्यून चापिय प्रणालीका कारण नेपालमा जलवाष्पयुक्त मनसुनी वायु प्रवेश गरी असोज १७ (एकादशी) का दिनबाट देशका विभिन्न भूभाग खास गरी कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशसम्म मनसुनी गतिविधि सक्रिय हुने सम्भावना देखिएको बताउनुभयो ।

"तसर्थ, नेपालमा यस वर्षको दसैं अवधिभर मनसुनी वायुको प्रभाव रहिरहने छ। हाल नेपालमा मनसुनी वायुको प्रभाव र स्थानीय वायु विकसित हुँदा नेपालमा मौसम वदली भइरहेको छ", उहाँले भन्नुभयो ।

असोज १७ (एकादशी)मा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाड र तराई भू-भागका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनाइएको छ। साथै कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ ।

असोज १८ गते कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा तथा बाँकी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। यस्तै, कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ ।

असोज १९ गते कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षा र एक-दुई स्थानमा अतिभारी वर्षाको सम्भावना रहेको विभागले

*बाँकी अन्तिम पृष्ठमा*

**खाद्य गुणस्तरमा ध्यान दिऔं ।**

- सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
- मिसावट भएको खाद्य सामग्री नवेचौं र नकिनौं,
- खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं,
- म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
- खाद्यान्न भण्डारण देखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं,
- ताजा फलफूल र तरकारी खाने बानी बसाऔं,
- अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं,
- खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं,

स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बली प्रथाको विकल्प अपनाऔं

दशैं, कालीपूजा वा अन्य तान्त्रिक अनुष्ठानहरूमा विशेषगरी राँगो, बाखा, हाँस, कुखुरा जस्ता पशु-पक्षीको बली दिने चलन अझै पनि हाम्रो समाजसम्म विद्यमान छ। तर, आजको चेतनशील युगमा यस प्रथाले अनेकौं प्रश्नहरू खडा गरेको छ। मानवीय संवेदनशीलता र करुणाभावसँग जोडिएको छ। निर्दोष प्राणीको जीवन समाप्त गरेर धार्मिकता प्रमाणित गर्नुपर्ने तर्कले आधुनिक मूल्य-मान्यतासँग मेल खाँदैन।

विश्वव्यापी रूपमा पशु अधिकार र जीवप्रेमको चर्चा भइरहेको समयमा हामी अझै बली प्रथामा अड्किनु हाम्रो सामाजिक चेतनाको कमजोरी हो। बली प्रथाले समाजमा अन्धविश्वासलाई अझै बल पुर्‍याइरहेको छ। धर्मलाई हिंसासँग जोड्नु स्वयं धर्मको मूल आत्मासँग विपरीत छ, किनकि धर्मको मूल सन्देश शान्ति, करुणा र अहिंसा होल्भस्। त्यसैले पशुहत्या नगरी पनि पूजा सम्पन्न गर्न सकिन्छ भन्ने वैज्ञानिक तथा वैदिक दृष्टान्तहरूलाई अगाडि सार्न आवश्यक छ। यसले वातावरणीय सन्तुलन र सार्वजनिक स्वास्थ्यमा पनि असर पार्छ। ठूलो संख्यामा हुने बलीसँगै फोहोर व्यवस्थापन, दुर्गन्ध र महामारी फैलिन सक्ने जोखिम पनि उच्च हुन्छ।

आज धेरै ठाउँमा फलफूल, भात, फूल वा माटाका प्रतीकात्मक मूर्तिहरू बलीको विकल्पका रूपमा अपनाइएको छ, जुन सकारात्मक पहल हो। समाजको प्रगतिशील परिवर्तनका लागि हामीले संस्कृति जोगाउँदै क्रूर अभ्यासहरूलाई परिमार्जन गर्नुपर्ने उत्तिकै आवश्यक छ। तसर्थ धर्मलाई हिंसामुक्त, पर्यावरणमैत्री र मानवतावादी बनाउन सके मात्र हाम्रो समाजलाई आधुनिक चेतनासँग मेल खाने बनाउन सकिन्छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# क्रिकेटद्वारा कठिन परिस्थितिमा नेपाललाई ऐतिहासिक उपहार

**राजु सिलवाल**

काठमाडौं, १६ असोज (रासस)।

नेपालमा गत भदौ २३ तथा २४ गते भएको जेन्जी आन्दोलनका सिलसिलामा ७४ जनाको दुःखद निधन हुनुका साथै हजारौं सर्वसाधारण घाइते भई मुलुकवासी नै आहत भइरहेको बेला नेपाली क्रिकेट खेलाडीहरुले थोरै भए पनि मल्हम लगाउने प्रयास गरेका छन्। नेपाली राष्ट्रिय पुरुष क्रिकेट टिमले ऐतिहासिक जितको माध्यमबाट मुलुकको प्रतिष्ठा बढाउन योगदान गरेका छन्। विश्वमै शक्तिशाली क्रिकेट टिमका रुपमा स्थापित वेस्ट इन्डिजलाई टी-२० तीन दिवसीय क्रिकेट शृङ्खलामा पराजित गरेपछि अन्तर्राष्ट्रिय क्रिकेट जगतमा नेपालको चर्चा चुलिएको छ।

संयुक्त अरब इमिरेटसको सारजहाँमा भएको दुई मुलुकबीचको त्रिदिवसीय श्रृखङ्लाअन्तर्गतका तीन खेलमध्ये लगातार दुई खेल जितेर नेपालले उपाधि हात पारेको थियो। नेपालले क्लिन स्विप त गर्न सकेन। तेस्रो खेलमा नेपाल पराजित भएको थियो। नेपालले पहिलो दिनकै खेलमा वेष्ट इण्डिजलाई १९ रनले पराजित गर्दै ऐतिहासिक नतिजा हासिल गरेको थियो। दोस्रो दिनको खेलमा पनि नेपालले ९० रनको फराकिलो अन्तरले विपक्षी टिमलाई पराजित गरी एक खेल बाँकी छँदै उपाधि कब्जा गर्न सफल भएको थियो। तेस्रो खेलमा भने नेपाललाई वेष्ट इण्डिजले १० विकेटले हराएको थियो।

नेपालले पहिलोपटक अन्तरराष्ट्रिय क्रिकेट काउन्सिल आइसिसीको पूर्ण सदस्य टिमसँग शृङ्खला प्रतियोगिता खेलेको थियो। आइसिसीको एसोसिएट सदस्य रहेको नेपालले पूर्ण सदस्य रहेको वेष्ट इन्डिजलाई शृङ्खलामै पराजित गर्न सक्नु अभूतपूर्व सफलता मान्न सकिन्छ। नेपालले यसअघि आइसिसीका पूर्ण सदस्य रहेका मुलुकको टिमसँग आठवटा खेल खेले पनि कुनै पनि खेल जित्न सकेको थिएन। नेपाललाई यस्तो सफलता प्राप्त गर्न धेरै समय लाग्यो। सन् २०२४ को टी ट्वान्टीको विश्वकपमा दक्षिण अफ्रिकासँग एक रन मात्रको झिनो अन्तरले पराजित पराजित भएको नेपाललाई यसपालि वेष्ट इन्डिज विरुद्धको जितले विश्वभरि दसैँको खुसियाली मनाइरहेका नेपालीहरुमा खुसीको सञ्चार गराइदिएको छ। दुईपटक विश्वकप तथा दुईपटक टी ट्वान्टी विश्वकप जितिसकेको वेष्ट इन्डिज विरुद्धको क्रिकेट शृङ्खलामा नेपालको अविस्मरणीय जितले नेपाल क्रिकेटका अन्य शक्तिशाली मुलुकसँग प्रतिस्पर्धा गर्न तयार रहेको सन्देश दिन सफल भएको छ। ओमानमा छिट्टै हुने आगामी विश्वकपको छनोट चरणमा नेपाल सशक्त प्रतिस्पर्धीका रुपमा प्रस्तुत हुने सन्देश पनि सारजहाँको प्रतियोगिताले दिएको छ। सन् २०२६ मा भारत तथा श्रीलङ्कामा आयोजना हुने आइसिसी पुरुष टि ट्वान्टी विश्वकपमा नेपालले प्रवेश पाउन कुवेत तथा जापानविरुद्ध प्रतिस्पर्धा गर्दैछ।

**सहिदप्रति समर्पण**

नेपाली क्रिकेट खेलाडीले सारजहाँमा आफूले प्राप्त गरेको पुरस्कार नै जेन्जी आन्दोलनमा सहिद भएकाहरुप्रति समर्पण गरी आन्दोलनप्रति ऐक्यबद्धता जनाएका छन्। पहिलो दिनको खेलमा उत्कृष्ट खेल प्रदर्शन गर्दै वेष्ट इन्डिजलाई पराजित गरेपछि कप्तान रोहित पौडेलले 'म्यान अफ दी म्याच' पुरस्कार प्राप्त गरेका थिए। उनले सो पुरस्कार ग्रहण गरेलगत्तै जेन्जी आन्दोलनमा भएका सहिदहरुप्रति समर्पण गरेको घोषणा गरेका थिए।

नेपालमा जेन्जी आन्दोलन भइरहँदा नेपाली टिम काठमाडौंमै थियो। खेलाडीहरुले पनि मुलुकको पछिल्लो वास्तविक स्थितिको अनुभव गरेका थिए। मुलुकको स्थिति बिग्रँदै गएपछि भिसाको ढिलाइका कारण नेपाली क्रिकेट टिम निर्धारित समयभन्दा ढिलो सारजहाँ पुगेको थियो। खेलाडीको सहिदप्रतिको समर्पणको कदमले खेलमार्फत सकारात्मक सामाजिक सन्देश प्रवाह हुनाका साथै राष्ट्रिय एकता मजबुत बनाउन सकारात्मक दृष्टान्त प्रस्तुत गरेको छ।

**दर्शकहरुको अपार समर्थन**

विगतका वर्षहरुदेखि नै विभिन्न मुलुकमा नेपाली खेलाडीहरुको क्रिकेट प्रतियोगिता भएको बेला दर्शकहरुको उपस्थिति उल्लेखनीय हुने गरेको छ। झन् सारजहाँ त क्रिकेट खेलाडी तथा समर्थकहरुका लागि कुनै नौलो रङ्गशाला होइन। सन् १९८४ देखि यहाँ क्रिकेटका अन्तरराष्ट्रिय प्रतियोगिताहरु हुँदै आइरहेका छन्। यस रङ्गशालामा कयौं विश्वस्तरीय प्रतियोगिताको आयोजना भइसकेका छन्। नेपाली टिमले यसअघि पनि यस क्रिकेट मैदानमा प्रतिस्पर्धा गर्दा नेपाली खेलप्रेमीहरुको अपार समर्थन पाउँदै आएको थियो यसपालि युनिटी कपअन्तर्गत भएका तीनवटै खेलमा अत्यधिक नेपाली दर्शकहरुले प्याराफिट भरिएको थियो। संयुक्त अरब इमिरेटस् नेपाली कामदारहरुका लागि प्रमुख गन्तव्य मानिएको छ।

नेपाल र संयुक्त अरब इमिरेटस्बीच सन १९७७ मा कूटनैतिक सम्बन्ध स्थापना भएको थियो। यसपटकको शृङ्खलामा काममा बिदा लिएर नेपाली टिमको जर्सी लगाउँदै खेल हेर्न आएका समर्थकहरुले खेल प्रारम्भ भएदेखि अन्तिम समयसम्म निरन्तर गरेको समर्थनले खेलाडीहरुको मनोबल बढाउन ठूलो भूमिका खेलेको थियो। यसले विदेशमा रहेका नेपालीहरुको स्वदेशप्रतिको माया तथा राष्ट्रिय एकताको भावना प्रतिबिम्बित गरेको छ।

**नेपाल नै आयोजक**

आगामी विश्वकप छनोटका लागि तयारी गरिरहेको नेपालले विश्व च्याम्पियन भइसकेको वेष्ट इन्डिज जस्तो टेष्ट मान्यता प्राप्त अनुभवी टिमसँग लगातार तीनवटा खेल खेल्ने अवसर पाउनाले नेपाली खेलाडीहरुलाई हौसला र अनुभव मिलेको छ। यसरी खेलाडीहरुलाई यस्तो अपूर्व अवसरको बन्दोबस्त नेपाल क्रिकेट सङ्घ क्यानले नै गरेको थियो। क्यानले यसरी विदेशी भूमिमा पहिलोपटक यस्तो प्रतियोगिताको आयोजना गरेको हो। क्यानले क्रिकेट वेष्ट इन्डिजसँगको सहकार्यमा शृङ्खलाको आयोजना गरेको थियो। संयुक्त अरब इमिरेटस्को क्रिकेट बोर्डले म्याच सञ्चालनका लागि सहजीकरण गरेको थियो।

आयोजकहरुले नेपालमा रहेको त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानको निर्माण तथा मर्मतसम्भार कार्य जारी रहेकाले दुई देशबीचको शृङ्खलाका लागि सारजहाँलाई उपयुक्त खेल गन्तव्यका रुपमा छनोट गरेको हुनसक्ने आकलन गर्न सकिन्छ। दक्षिण एसियामै भारत, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश जस्ता टिम हुँदा हुँदै वेष्ट इन्डिजले नेपालसँग शृङ्खला खेल्न सहमति जनाएर नेपालको क्रिकेटको विकासका लागि महत्वपूर्ण योगदान दिएको छ।

**सन्दीपको सन्दर्भ**

यसपटकको शृङ्खलामा लेग स्पिनर सन्दीप लामिछानेको सन्दर्भमा धेरैको चासो रह्यो। नेपाली क्रिकेट टिम सारजहाँतर्फ प्रस्थान गर्ने बेलामा आफ्नो टिमका सहकर्मीहरुसँग हाँसोमज्जा गर्दै सामाजिक सञ्जाल भ्लगका लागि अन्तर्वार्ता लिइरहेको देखिएका सन्दीप पहिलो दिनको खेलमा वैकल्पिक खेलाडीको सूचीमा समेत परेनन्। तर उनी मुख्य प्रशिक्षक स्टुअर्ट लसँगै बसेर खेल हेरिरहेको तथा नेपालको जितपछि खुसियाली मनाइरहेका खेलाडीहरुसँग मैदान परिक्रमामै देखिएका थिए। तर दोस्रो र तेस्रो दिनको खेलमा पनि उनलाई वैकल्पिक सूचीमा नराखिएको मात्र होइन, उनी खेलाडीहरुको टिमसँगै प्रतियोगिता स्थलमै गएको समेत देखिएन।

विश्वमै आफ्नो बेग्लै पहिचान बनाउन सफल खेलाडी सन्दीपलाई नखेलेको देखेपछि खेलप्रेमीहरुमा चासो र चिन्ता बढ्नु स्वभाविकै थियो। पछिल्लोपटक नेपाली टिमको अष्ट्रेलिया भ्रमणमा समेत सन्दिपको प्रदर्शन प्रशंसनीय नै थियो। सारजहाँ जानुअघि उनी प्रशिक्षणमा पनि सामेल भएका थिए। पहिलो दिनको खेलपछि नेपालका मुख्य प्रशिक्षक लले सन्दिपले व्यक्तिगत कारणले नखेलेको पत्रकारहरुलाई जानकारी दिएका थिए। यस सन्दर्भमा विभिन्न सञ्चारमाध्यममा समाचार आएका थिए। तर सन्दिपले नेपाल क्रिकेट सङ्घसम्बन्धी कुरा व्यक्तिगत विषय भएको तथा त्यसको समाधान आफैंले गरिहाल्ने धारणा आफ्नो फेसबुक पेजमार्फत सार्वजनिक गरेका थिए।

**अम्पायर पनि नेपाली**

नेपाली क्रिकेट खेलाडीहरुले अन्तरराष्ट्रिय रुपमा जुन सफलता हासिल गर्दै गइरहेका छन्, रेफ्री, अम्पायरलगायत अन्य अफिसियलमा पनि नेपालीहरुको पहुँच हुनु खुसीको कुरा हो। सारजहाँमा विदेशी रेफ्री तथा अम्पायरको समूहमा नेपालीहरुको पनि संलग्नता रहेको थियो। नेपालका तीन जना अन्तरराष्ट्रिय अम्पायर बुद्धिबहादुर प्रधान, विनयकुमार झा तथा दुर्गानाथ सुवेदीले अम्पायरको भूमिका निभाएर खेल निष्पक्ष बनाउन योगदान गरेका थिए।

**नेपाली पनि कमेन्टेटर**

नेपाल र वेष्ट इन्डिजबीच भएको टी ट्वान्टी शृङ्खलामा टेलिभिजनको प्रत्यक्ष प्रसारणमा अन्तरराष्ट्रिय प्रत्यक्ष प्रसारणकर्ता अर्थात कमेन्टेटरहरु इयान बिसप, एन्ड्रु लियोनार्ड तथा कार्लोस ब्रेथ ह्वाइटको संलग्नता रहेको थियो। उनीहरुले क्रिकेट प्रतियोगिताको यथार्थ स्थितिको वर्णन गर्नाका साथै बेलाबेलामा नेपालको सुन्दरताको खुलेरै बयान गर्ने गरेका थिए। इयान बिसपले ढाकाटोपी लगाएर खेलको वर्णन गरिरहेको दृश्य टेलिभिजनमा देखिएको थियो। एन्ड्रु लियोनार्ड त दौरा सुरुवालमै सजिएका थिए। उनी नेपालका अत्यन्त ठूला प्रशंसक हुन्। धेरैपटक नेपालको खेलको प्रत्यक्ष प्रसारणमा उद्घोषण गरिसकेका उनले अन्तरराष्ट्रियजगत्मा नेपालको प्रचार गर्न योगदान गर्दै आइरहेका छन्। उनीहरुको साथमा नेपाली कमेन्टरहरु पनि संलग्न भएका थिए। कमेन्ट्री प्यानलमा नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान परेश लोहनीका साथै पूर्वराष्ट्रिय खेलाडी शरद् भेषावकर तथा सचिन तिमिल्सिना थिए। आगामी दिनमा नेपाली कमेन्टेटरहरुको सम्भावना अन्य अन्तरराष्ट्रिय क्रिकेट प्रतियोगितामा पनि हुन सक्ने अपेक्षा गरिएको छ।

नेपालले वेष्ट इन्डिजलाई ऐतिहासिक रुपमा पराजित गरी हासिल गरेको युनिटी कपले आगामी विश्वकप छनोटमा यथोचित प्रदर्शनका लागि थप ऊर्जा प्रदान गरेको छ। विगत केही समयदेखि निरन्तर विश्वकपका लागि तयारीमा रहेको नेपाली टिमको मनोबल उच्च बनाउन सारजहाँको नतिजाले पक्कै सहयोग पुग्ने अपेक्षा गरिएको छ। यही असोज २६ देखि ३१ गतेसम्म ओमानमा आइसिसी पुरुष टी ट्वान्टी विश्वकपको एसिया तथा प्रशान्त क्षेत्रको छनोट प्रतियोगिता हुँदैछ। विभिन्न नौ मुलुकको सहभागिता रहने उक्त प्रतियोगितामा नेपाल रहेको समूह दुईमा कुवेत तथा जापान रहेका छन्। तीनवटा समूहबाट उच्चतम् अङ्क हासिल गर्ने तीनवटा टिम आगामी आइसिसी टी ट्वान्टी विश्वकपका लागि छनोट हुनेछन्। सन् २०१४ मा पहिलोपटक विश्वकपमा प्रवेश खेलेको नेपालले सन् २०२४ मा दोस्रोपटक सहभागिता जनाएको थियो। दुईपटक टी ट्वान्टी विश्वकप जितिसकेको वेष्ट इन्डिजलाई पहिलोपटक पराजित गरेपछि नेपाल तेस्रोपटक पनि विश्वकपको ढोका खोल्न समर्थ हुने अपेक्षा गरिएको छ।

# पाँच प्रदेशमा चार दिनसम्म अत्यावश्यक बाहेक यात्रा नगर्न विपद् प्राधिकरणको आह्वान

काठमाडौं, १६ असोज (रासस)।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पाँच प्रदेशमा चार दिनसम्म अत्यावश्यक अवस्थामा बाहेक यात्रा नगर्न अनुरोध गरेको छ।

अत्यन्त जरुरी नभए यही असोज १७ गते शुक्रबारदेखि २० गते सोमबारसम्म यात्रा नगर्न अनुरोध गरेको प्राधिकरणका प्रवक्ता शान्ति महतले राससलाई जानकारी दिनुभयो। जल तथा मौसम विज्ञान विभागले चार दिनसम्म पाँच प्रदेशका विभिन्न जिल्लामा धेरै वर्षा हुने सूचना सार्वजनिक गरेकाले प्राधिकरणले उच्च सतर्कताका लागि यस्तो अनुरोध गरेको उहाँले बताउनुभयो।

मौसम विज्ञान विभागले कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको जनाएको छ। यी प्रदेशका नारायणी, बागमती, कमला र कोशी नदीमा बहाव खतरा तह आसपास पुग्न सक्ने देखिएको जनाइएको छ।

बाग्मती प्रदेशको काठमाडौं उपत्यका, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, मकवानपुर, चितवन, कोशी प्रदेशको सङ्खुवासभा, ताप्लेजुङ्ग, इलाम, झापा, मोरङ, मधेश प्रदेशको बारा, पर्सा, सर्लाही, रौतहट र आसपासका जिल्ला भई बहने स-साना नदीमा आकस्मिक बहावको सम्भावना उच्च रहेको प्राधिकरणले प्रकाशन गरेको विज्ञप्तिमा उल्लेख छ। यसैले सतर्कता अपनाउन र पूर्वतयारी तथा पूर्वकार्य गर्न प्राधिकरणले अनुरोध गरेको उहाँले बताउनुभयो।

प्राधिकरणले अत्यन्त जरुरी नभई सकेसम्म घरदेखि टाढा र रातिको समयमा यात्रा नगर्न, सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिले वर्षा एवं बाटोको अवस्था हेरी सवारी सञ्चालनमा रोक लगाउनेबारे आवश्यक निर्णय लिने र सो निर्णय पालना गराउन, पहिरोको जोखिममा रहेका तथा नदी किनारका बस्तीमा उच्च सतर्कता अपनाउन, डुबान हुने बस्तीका बासिन्दाले उँचो (अग्लो) र सुरक्षित स्थानबारे जानकारी लिने र अरुलाई पनि जानकारी दिन, आवश्यक पर्नासाथ सुरक्षित स्थानमा जान पनि अनुरोध गरिएको छ।

तीनवटै सुरक्षा निकाय, स्थानीय तह, स्वयंसेवकलगायत सरोकारवाला सबै निकाय प्रतिकार्यका लागि तयारी अवस्थामा रहने, जोखिमयुक्त राजमार्ग र सडकमा तुरुन्त परिचालन हुने गरी डोजर, एक्साभेटर, लोडर लगायतका साधन तयारी अवस्थामा राख्न, पूर्वतयारी, पूर्वकार्य एवं प्रतिकार्यमा सहयोग गर्ने साझेदार संस्था जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको सम्पर्कमा रही सतर्क (अलर्ट) मा रहन पनि प्राधिकरणले सम्बन्धित सबैको ध्यानाकर्षण गराएको हो।

# दसैंमा ६ लाख ११ हजार बढीले छाडे काठमाडौं

काठमाडौं, १६ असोज (रासस)।

दसैंको घटस्थापनादेखि बुधबारसम्मको नवौं दिनको अवधिमा मात्रै छ लाख ११ हजार ६५७ जनाले काठमाडौं छाडेका छन्।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार यही असोज ६ गते घटस्थापना सुरु भएको दिनदेखि बुधबारसम्म सो सङ्ख्यामा यात्रु विभिन्न नाकाबाट काठमाडौं उपत्यकाबाट बाहिरिएका छन्। त्यस्तै पछिल्लो २४ घण्टामा मात्रै ५८ हजार ३९६ जनाले काठमाडौं उपत्यका छाडेका छन्।

दसैं सुरु भएसँगै काठमाडौं उपत्यका छाड्ने नागरिकको सङ्ख्या तीव्र रुपमा बढ्दै गएको र पछिल्लो २४ घण्टामा मात्र १३ हजार ३२६ यात्रुवाहक सवारी साधन उपत्यकाबाट बाहिरिएका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "अहिले राजधानी छाडेर जानेको सङ्ख्या बढेको छ, काठमाडौं भित्रिने र बाहिरिने नाकामा सामन्य तरिकाले सवारी साधन चलिरहेका छन्।" घटस्थापनादेखि बुधबारसम्म काठमाडौं उपत्यकाबाट बाहिरिएका सवारी साधनको सङ्ख्या एक लाख १३ हजार ४१५ पुगेको छ। यिनै सवारी साधनमार्फत यात्रामा निस्किनेहरुको मुख्य गन्तव्य भने देशका पूर्वी, पश्चिमी र सुदूरपश्चिम प्रदेशका जिल्ला रहेका छन्।

काठमाडौं उपत्यकामा ७७ हजार ५४५ सवारी साधनबाट तीन लाख१९ हजार १५ जना बुधबारसम्म भित्रिएका उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। विशेषगरी कोटेश्वर, कलङ्की, बल्खु, नयाँ बसपार्क, जगती लगायतका नाकामा यात्रुको भीड देखिएको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### ह्वाइट हाउसमा हुने गाजा शान्ति वार्तामा नेतान्याहुलाई दबाब दिने ट्रम्पको घोषणा

वासिङ्टन, १३ असोज (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई सोमबार ह्वाइट हाउसमा गाजा शान्ति सम्झौता गर्ने उद्देश्यले उच्चस्तरीय वार्ताका लागि स्वागत गर्ने कार्यक्रम तय भएको छ। गत हप्ता अरब र मुस्लिम नेताहरूसँगको वार्ता पछि युद्ध अन्त्य गर्ने, बन्धक मुक्त गर्ने र प्यालेस्टिनी उग्रवादीहरूलाई निशस्त्र बनाउने सम्झौता प्रभावकारी रूपमा सम्पन्न भएको ट्रम्पले सामाजिक सञ्जाल मार्फत बताउनु भएको छ।

द टाइम्स अफ इजरायल र अमेरिकी समाचार वेबसाइट एक्सियोसका अनुसार ट्रम्पको योजनाले तत्काल युद्धविराम, चरणबद्ध इजरायली सेनाको फिर्ती र बन्धकहरूलाई ४८ घण्टा भित्र रिहा गर्न आह्वान गरिएको छ। त्यस पछि इजरायलले १,००० भन्दा बढी प्यालेस्टिनी कैदीहरूलाई रिहा गर्ने तयारी गरेको जनाइएको छ। तथापि, नेतान्याहू भने गाजा सहरमा इजरायली सैन्य आक्रमण रोक्न तयार नभएको जनाइएको छ। गत जनवरीमा ट्रम्पको शासनकाल सुरु भए पछि नेतान्याहुको यो चौथो ह्वाइट हाउस भ्रमण हो।

गाजामा बन्दी बनाइएका इजरायली बन्धकहरूका परिवारले ट्रम्पलाई आफ्नो गाजा प्रस्तावलाई समर्थन गर्न खुला पत्र मार्फत आग्रह गरेका छन्। विज्ञहरुले भने "नेतान्याहुको युद्ध जारी राख्ने र हमासलाई पराजित गर्ने स्पष्ट प्राथमिकतामा ट्रम्पले कति टाढासम्म धकेल्न सक्नुहुन्छ भन्ने विषयमा निर्भर हुने बताएका छन्। यसका लागि ट्रम्पको पेचिलो दबाब र स्पष्ट तथा दिगो रणनीति चाहिने उनीहरुको दाबी रहेको छ। गाजाका नागरिकरुहरुले भने भने ह्वाइट हाउस बैठक अघि आशा, थकान र अविश्वास व्यक्त गरेका छन्।

### भियतनाममा टाइफुन 'बुलोई'का कारण मृत्यु हुनेको संख्या ११ पुग्यो

हनोई, १३ असोज (रासस/सिन्ह्वा)।

भियतनाममा टाइफुन बुआलोइका कारण मृत्यु हुनेको सङ्ख्या ११ पुगेको छ, भने १३ जना अझै बेपत्ता छन्। टाइफुनका कारण अन्य ३३ जना घाइते भएको स्थानीय दैनिक अखबार नहान दान (पिपल) ले सोमबार रिपोर्ट गरेको छ। टाइफुनका कारण आएको आँधीले धेरै सार्वजनिक पूर्वाधार, घरहरू, माछा मार्ने डुङ्गालाई क्षति पुर्याएको जनाइएको छ।

यसै गरी उत्तरी र मध्य भियतनाममा बिजुली बाढीको प्रभाव पछि कटौती भएको रिपोर्ट गरिएको छ। भियतनामी प्रधानमन्त्री फाम मिन्ह चिनले सोमबार पीडित परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दै अधिकारीहरूलाई आँधीबेहरी र त्यसपछिको बाढीलाई द्रुत रूपमा सम्बोधन गर्न आग्रह गर्नु भएको छ।

### रूस र युक्रेनद्वारा १८५ जनना युद्धबन्दीहरू साटासाट : रूसी सेना

मस्को, १६ असोज (रासस/एएफपी)।

रुस र युक्रेनले बिहीबार १८५ युद्धबन्दीहरू साटासाट गरेको रुसको रक्षा मन्त्रालयले जनाएको छ। द्वन्द्व अन्त्य गर्ने दिशामा प्रगति नभएको भए पनि जारी रहेको विनिमयको श्रृंखलामा यो पछिल्लो हो। रक्षा मन्त्रालयले टेलिग्राममा युक्रेनले "१८५ रूसी सैनिकहरू फिर्ता गरेको" बताएको छ, क्रममा २० जना सर्वसाधारणलाई पनि रिहा गरिएको जनाइएको छ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रिहा गरिएका युक्रेनीहरूको तस्वीरहरू सामाजिक सञ्जालमा पोस्ट गर्दै, आदानप्रदानको पुष्टि गर्नु भएको छ। उनीहरूलाई आवश्यक पर्ने सबै सहयोग प्राप्त गर्ने वातावरण तयार भएको जेलेन्स्कीले बताउनु भएको छ। आक्रमण सुरु भएदेखि नै हामीले हाम्रा ७,००० भन्दा बढी मानिसहरूलाई घर फर्काएका छौं", उहाँले भन्नु भयो।

गत मे र जुलाईको बीचमा इस्तानबुलमा रूसी र युक्रेनी प्रतिनिधिमण्डलहरू बिच तीन चरणको शान्ति वार्ताको परिणाम स्वरुप ठूलो मात्रामा कैदी आदानप्रदान गरेको जनाइएको। दुवै पक्षले युद्धको बिचमा युक्रेन र रूसबिचको सहयोगका क्षेत्रका रूपमा मारिएका सैनिकहरूको स्वदेश फिर्तीका धेरै चरणहरू पनि सञ्चालन गरेका छन्। सन् २०२२ मा रुसले आक्रमण सुरु गरेदेखि दुवै पक्षका दशौं हजार सैनिक मारिएका छन्, यद्यपि दुवै पक्षले नियमित रूपमा आफ्नो हताहतको तथ्याङ्क भने सार्वजनिक गरेका छैनन्।

# प्रतिशोधको राजनीति नगर्न कांग्रेसको आग्रह

ललितपुर, १६ असोज (रासस)। दण्डहीनतालाई प्रोत्साहन र प्रतिशोधको राजनीति नगर्न नेपाली कांग्रेसले आग्रह गरेको छ।

पार्टीका मुख्य सचिव कृष्णप्रसाद पौडेलले मङ्गलबार प्रेस विज्ञप्ति जारी गर्दै गृह मन्त्रालयबाट यही असोज ९ गते जारी गरिएको विज्ञप्ति र सोही विज्ञप्तिका आधारमा गरिएको परिपत्रले संविधानवाद, कानुनी राज्य र विधिको शासनमाथि प्रश्न उठाउने भन्दै पीडितलाई आतङ्कित गर्ने काम भएको उल्लेख गर्नुभयो। सप्रमाण भेटिएका अपराधीहरूलाई उन्मुक्ति दिँदै जाने नीति नेपाली जनताका लागि कदापि स्वीकार्य नहुने पनि विज्ञप्तिमा उल्लेख छ।

"भदौ २३ गते जेनजी पुस्ताले आह्वान गरेको शान्तिपूर्ण प्रदर्शनको आवरणमा आफ्नो कुत्सित मनसाय पूरा गर्ने विभिन्न आपराधिक समूहले २४ गते बिहानैदेखि अकल्पनीय ढङ्गको आतङ्क सिर्जना गर्ने राष्ट्रव्यापी हिंसा, तोडफोड, लुटपाट र आगजनीका घटना घटाउन थाले, जसबाट हरेक क्षेत्रका निजी तथा सार्वजनिक संरचना तोडफोड, आगजनी र लुटपाट गरी ध्वस्त बनाइए। २३ र २४ गते दुई दिनमा सुरक्षकर्मीसहित ७६ जनाभन्दा बढीको ज्यान गइसकेको छ। सयौँ घाइते छन्। राष्ट्रलाई खर्बौंको क्षति भएको छ। यस अकल्पनीय र दुःखद घटनाको जति निन्दा गरे पनि कमै हुन्छ", विज्ञप्तिमा भनिएको छ।

उक्त प्रदर्शनका क्रममा भएका घटनाको छानबिन गर्न सरकारले न्यायिक छानबिन आयोग गठन गरेको कुरा स्वागत योग्य रहेको र त्यसले निष्पक्ष काम गर्नुपर्ने कांग्रेसको आग्रह छ। "प्रदर्शनको आवरणमा गरिएको नियोजित र निर्देशित रूपमा योजनाबद्ध आगजनी गर्ने, राजनीतिक दल र दल विशेषका नेतामाथि बदलापूर्ण प्रतिशोध लिने उद्देश्यले आक्रमण गर्ने, कार्यालय तोडफोड, लुटपाट र आगजनी गर्ने, सुरक्षाकर्मीको हातहतियार खोसेर लुट्ने अनि बर्दी लगाई हातहतियार बोकेर आतङ्क फैलाउँदै हिँडेका अवस्थामा देखिएका भेटिएका व्यक्तिउपर प्रचलित कानुनबमोजिम कुनै खोजतलास नगर्ने, कानुनी कारबाही नगर्ने भन्ने आसयको गृह मन्त्रालयबाट जारी गरिएको विज्ञप्ति र सोही विज्ञप्तिका आधारमा गरिएको परिपत्रले संविधानवाद, कानुनी राज्य र विधिको शासनमा प्रश्न उठेको छ", विज्ञप्तिमा जनाइएको छ।

घटनाको छानबिन प्रारम्भ नहुँदै राजनीतिक दलका नेता तथा कार्यकर्तामाथि पूर्वाग्रही र प्रतिशोधपूर्ण रूपमा काम हुन थालेको भन्दै आयोगलाई नभएको क्षेत्राधिकारविहीन कार्य गर्न गराउन नहुनेमा जोड दिइएको छ।

# बिपी राजमार्गमा रातिमा सवारी सञ्चालनमा रोक

काभ्रेपलाञ्चोक,१६ असोज (रासस)। बिपी राजमार्गमा बिहीबारदेखि रातिको समयमा सवारीसाधन आवतजावतमा रोक लगाइएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भारी वर्षाको सम्भावना एवं बाढिपहिराको उच्च जोखम पूर्वानुमान गरेपछि सवारी साधान आवजावतमा रोक लगाइएको हो।

जिल्ला विपद् व्यवस्थापन समिति काभ्रेपलाञ्चोकको बिहीबारको बैठकले उक्त राजमार्गमा जोखिमलाई मध्यनजर गर्दै असोज २१ गते रातिसम्म अत्यावश्यक बाहेकका सवारी साधन सञ्चालनमा रोक लगाएको हो। समितिले साँझ ५ बजेदेखि भोलिपल्ट बिहान पाँच बजेसम्मको अवधिमा सवारी साधन नचलाउन भनेको हो।

राजमार्गअन्तर्गत धुलिखेलको काभ्रेभञ्ज्याङदेखि भकुण्डे-सिन्धुलीसीमा नेपालथोकको सडकखण्डमा सवारीसाधन सञ्चालनमा रोक लगाउने निर्णय गरिएको समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी उमेश ढकालले बताउनुभयो।

राजमार्गमा मनसुनको जोखिमका कारण गत भदौ १६ गतेदेखि १५ दिनसम्मका लागि पनि सवारी सञ्चालनमा रोक लगाइएको थियो।

समितिले हाल मनसुन सक्रिय रहेको अवस्थामा बिपी राजमार्गमा बाढिपहिरोको सम्भावित जोखिम रहेकाले विपद्जन्य घटना हुनसक्ने भएकाले जोखिम न्यूनीकरणका लागि सवारी सञ्चालनमा रोक लगाइएकाले सतर्कता अपनाउन सार्वजनिक अपिल समेत गरेको छ।

समितिका अनुसार काठमाडौँबाट जाने सवारीलाई जिल्लाको काभ्रेभञ्ज्याङ र काठमाडौँतर्फ आउने सवारीलाई सिन्धुलीको सिमाना नेपालथोकमै रोकिने छ।

मनसुनजन्य विपद्बाट हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै यसअघि काभ्रेपलाञ्चोक, सिन्धुली र रामेछाप जिल्लाको सुरक्षा समितिका पदाधिकारीको अन्तरजिल्ला समन्वय समितिको बैठकले यही असार ७ गतेदेखि बिपी राजमार्गमा साँझ ६:३० बजेदेखि बिहान ५ बजेसम्म सवारी सञ्चालनमा रोक लगाइएको थियो।

गत वर्ष असोजमा बाढीपहिरोका कारण काभ्रेपलाञ्चोकको चौकीडाँडादेखि सिन्धुलीको बर्षेखोलासम्मको आठ किलोमिटर सडकखण्डमा सडकनै बगाएको थियो। सो राजमार्गमा कतै त कतै कतै दुईतर्फी यातायात सञ्चालन हुनेगरी अस्थायी सडक सञ्चालनमा ल्याइएको छ। बाढीपहिरोले राजमार्गको कुल १६० किलोमिटरमध्ये तेस्रो खण्डअन्तर्गत सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किमी र चौँथोखण्डत• नेपालथोकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५० किमी गरी ८४ किमी सडकको विभिन्न स्थानमा बढी क्षति पुऱ्याएको थियो।

# बालीनालीको उचित व्यवस्थापन गर्न सुझाव

काठमाडौँ, १६ असोज (रासस)। जल तथा मौसम विज्ञान विभागले यही असोज १७ गतेबाट मनसुनी गतिविधि थप सक्रिय हुने जानकारी गराएपछि सरकारले विशेष कृषि मौसम सल्लाह बुलेटिन जारी गरेको छ।

जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा नेपाल कृषि अनुसन्धान परिषद् र राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रले कृषि मौसम सल्लाह बुलेटिन जारी गर्दै भारी/अति भारी वर्षाको समयमा कृषिकर्म गर्दा ध्यान दिन अनुरोध गरिएको छ।

कृषि मौसमविद् रामेश्वर रिमालले यस समयमा किसानले विशेष ध्यान दिनसके बालिनाली जोगाउन सकिने र त्यसका लागि हालै जारी बुलेटिनलाई ध्यान दिन अनुरोध गर्नुभयो।

उहाँका अनुसार जारी बुलेटिनमा मनसुन सक्रिय रहने समयमा तरकारीबाली, फलफूल बगैँचा तथा पाँक्न लागेका धानखेतमा पानी निकासको उचित व्यवस्था गर्न, विषादी छर्कने कार्य रोक्न, नदी, खोलाछेउका संरचनाहरू बाढीको जोखिममा पर्नसक्ने हुनाले सम्भव भएसम्म भण्डारणमा रहेका तथा अन्य सामग्री सुरक्षित स्थानमा व्यवस्थापन गर्न भनिएको छ।

यस्तै, जल तथा मौसम विज्ञान विभागबाट जारी हुने तीनदिने मौसम पूर्वानुमान बुलेटिन अध्ययन गरी सोहीअनुसार व्यवस्थापन गर्न, आगामी असोज १७-१९ सम्म मनसुन सक्रिय रहने देखिएकाले धानबालीमा हुने सम्भावित क्षति न्यूनीकरणका लागि पानीको निवास, धान नकाट्न, काटेको भए भित्र्याइहाल्न, अग्लो ठाउँमा भण्डारण गर्न, विभिन्न तरकारीबालीको नर्सरीमा पानी जमेर बेर्ना कुहिन सक्ने भएकाले पानी निकासको प्रबन्ध गर्न पनि अनुरोध गरिएको छ।

बर्सातको समयमा मौरीलाई चरन क्षेत्रको कमी हुने भएकाले चिनी चास्नी बनाएर खुवाउन, पशुबस्तुलाई पानीमा भिज्ने गरी नराख्न, दानालाई सफा र ओभानो ठाउँमा भण्डारण गर्न, भिजेका र बाढी पसेका स्थानका घाँस, पराल, दाना वा अन्न नखुवाउन पनि अनुरोध गरिएको छ।

यस्तो अवस्थामा पशुबस्तुलाई पाचन प्रणाली र पाँचन प्रणालीजन्य रोगका लक्षण देखिन सक्ने हुँदा त्यसबारे चनाखो भई अनुगमन गर्न पनि भनिएको छ। "चिसो ठाउँमा भण्डारण गरेको दानामा ढुसीको सङ्क्रमण हुनसक्छ, जसले गर्दा पशुबस्तुको पाउनु साथै विष उत्पन्न भई पशुबस्तु मर्न सक्दछ। तसर्थ कुहिएको दाना वा परालमा ढुसीका प्रजाति हुनसक्छन्, जसले दीर्घकालीन रूपमा पशु र मानिसलाई क्यान्सर गराउन सक्दछ", बुलेटिनमा भनिएको छ।

खोर चिसो र हिलो भएको अवस्थामा कुखुरामा जुम्रा, सुलसुलेजस्ता बाह्य परजीवीको समस्या देखिने हुँदा दैनिक रूपमा खोरको अनुगमन गर्न, परजीवी देखिएमा दक्ष प्राविधिकको सल्लाह लिन, माछा पोखरीमा धमिलो पानी मिसिन नदिन माछापोखरीको निकासद्वारमा माछाको 'साइज'अनुसारको जाली राखी निकासको उचित व्यवस्था गर्न पनि अनुरोध गरिएको छ।

मौसम विज्ञान विभागका सूचना अधिकारी दिनकर कायस्थले बिहीबार पनि देशभर बदली रहेको र शुक्रबारदेखि भने न्यून चापीय प्रणालीका कारण देशका धेरै ठाउँमा भारीदेखि अतिभारीसम्म वर्षा हुने जानकारी गराइसकेकाले सोहीअनुसार सतर्कता अपनाउन आग्रह गर्नुभएको छ।

***मनसुनी गतिविधि ...***

जनाएको छ।

दसैँको अन्तमा मनसुन सक्रियसमेत हुने सम्भावना रहेकाले सम्भावित वर्षाका कारण भू-क्षय, बाढी, पहिरोका साथै सडक तथा हवाई यातायातसमेत प्रभावित हुन सक्ने देखिएको विभागले जनाएको छ। मौसमको अध्यावधिक जानकारी लिई आवश्यक सतर्कता अपनाउनु हुन सबैमा अनुरोध गरिएको छ।

# 'ड्युटी'मा खटिएका प्रहरीमाथि अभद्र व्यवहार गर्ने युवक पक्राउ

काठमाडौँ, १६ असोज (रासस)। ड्युटीमा खटिएका प्रहरी कर्मचारीमाथि अभद्र व्यवहार गर्ने एक युवक पक्राउ परेका छन्।

सडक सुरक्षामा खटिएका प्रहरी कर्मचारीलाई दुर्व्यवहार गर्ने सिन्धुलीको घ्याङलेख गाउँपालिका- ५ का ३६ वर्षीय नेवाङ तामाङ्गलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ।

निजलाई काठमाडौँ महानगरपालिका–१० बुद्धनगरबाट नियन्त्रणमा लिएको हो। ती युवकले प्रहरीलाई अपशब्द बोल्दै दुर्व्यवहार गरेको भिडियो सार्वजनिक भएको थियो।

# प्रधानमन्त्रीद्वारा सहिद परिवारसँग भेट

काठमाडौँ, १६ असोज (रासस)। प्रधानमन्त्री सुशीला कार्कीले विजया दशमीको अवसरमा जेनजी आन्दोलनका सहिद परिवारसँग भेटघाट गर्नुभएको छ।

प्रधानमन्त्री कार्कीले बागलुङ घर भई काठमाडौँको वनस्थलीमा पुगेर सहिद सौरन किशोर श्रेष्ठको परिवारसँग भेटघाट गर्नुभएको हो। प्रधानमन्त्रीले नागार्जुन-३ पुगेर सहिद कान्छी नगरकोटीका परिवार र कीर्तिपुरस्थित मैत्रीनगर पुगेर सहिद बुद्धिबहादुर तामाङको परिवारसँग भेट गर्नुभएको छ।

प्रधानमन्त्री कार्कीसँगै सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल पनि सहिद परिवारलाई भेटन जानुभएको थियो। मन्त्री खरेलले सहिद परिवारसँग भेट गरिसकेपछि सञ्चारकर्मीसँग कुरा गर्दै भन्नुभयो, "प्रधानमन्त्रीले पनि विजया दशमीमा टीका लगाउनु भएन, मैले पनि टीका लगाइन, जेनजी आन्दोलनका मृतक तथा सहिद परिवारसँग भेटघाट र कुराकानी गरियो, सहिद परिवारको इच्छा सहिदको रगतले न्याय पाउनुपर्छ भन्ने चाहना रहेको थियो।"

# मधेसका २ सय ९७ कार्यालयमा क्षति

जनकपुरधाम,१६ असोज (रासस)। जेनजीको आन्दोलनमा मधेस प्रदेशका ९० वटा प्रहरी र २०७ वटा सरकारी कार्यालयमा भएको तोडफोड र आगजनीबाट रु सात करोड ३१ लाख २२ हजार बराबरको क्षति भएको छ।

क्षतिग्रस्त सबै कार्यालय मर्मतसम्भारपछि सञ्चालनमा आएका छन्भने आन्दोलनबाट विस्थापित प्रहरी पनि काममा फर्किएका छन्। मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार आन्दोलनकारीले रु दुई करोड छ लाख ७८ हजार तीन सय ८० मूल्य बराबरका सवारी साधन जलाएका छन्।

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*